# टोखा नगरपालिका

टोखा नगरपालिकाको कार्यालयद्वारा प्रकाशित

## स्थानीय राजपत्र

खण्ड ९ | संख्या १३ | मितिः २०८२/०६/३१

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम टोखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## भाग–२

# विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०८२

टोखा नगरपालिकाभित्र सञ्चालित र भविष्यमा स्थापना भई सञ्चालन हुने संस्थागत विद्यालयको श्रेणी वर्गीकरण तथा विद्यालयले लिने शुल्कलाई व्यवस्थित एवम् पारदर्शी बनाउन आवश्यक भएकाले टोखा नगरपालिका शिक्षा ऐन, २०७५ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०८२” रहेको छ।

(२) यो कार्यविधि तत्काल लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा-

(क) ‘नगरपालिका’ भन्नाले टोखा नगरपालिकालाई बुझाउँछ।

(ख) ‘ऐन’ भन्नाले टोखा नगरपालिका शिक्षा ऐन, २०७५ लाई बुझाउँछ।

(ग) ‘प्रमुख’ भन्नाले टोखा नगरपालिकाको नगर प्रमुखलाई बुझाउँछ।

(घ) ‘शिक्षा समिति’ भन्नाले टोखा नगरपालिका शिक्षा ऐन, २०७५ बमोजिम गठन भएको शिक्षा समितिलाई बुझाउँछ।

(ङ) ‘विद्यालय’ भन्नाले संस्थागत विद्यालयलाई जनाउँछ।

(च) ‘प्रमुख प्रशासकीय अधिकृत’ भन्नाले टोखा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(छ) ‘शुल्क’ भन्नाले यस कार्यविधि बमोजिम संस्थागत विद्यालयले लिन पाउने शुल्क सम्झनुपर्छ।

ज) ‘शाखा’ भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा र ‘शाखा प्रमुख’ भन्नाले सो शाखाको प्रमुख/प्रमुख शिक्षा अधिकृतलाई जनाउँछ।

३. **विद्यालयको वर्गीकरण** : (१) विद्यालयलाई अनुसूची -१ मा उल्लिखित व्यवस्था र विद्यालयबाट भरिएको तथा शिक्षा शाखाको समन्वयमा सत्यापन गरिएको अनुसूची-३ अनुसारको विद्यालय स्तरीकृत फारामको अङ्कका आधारमा देहायबमोजिम चार श्रेणीमा वर्गीकरण गरिनेछ।

(क) विशिष्टता सहितको श्रेणीको “क” श्रेणी वा “क” श्रेणीको विद्यालय

(ख) “ख” श्रेणीको विद्यालय

(ग) “ग” श्रेणीको विद्यालय

(घ) “घ” श्रेणीको विद्यालय

(२) उपनियम (१) बमोजिम विद्यालय वर्गीकरणको निमित्त विद्यालयले अनुसूची-२ मा उल्लिखित मुख्य मापदण्डका आधारमा आफूले के कस्तो किसिमको सुविधा उपलब्ध गराएको हो सोको विवरण र अनुसूची-३ अनुसारको विद्यालय स्तरीकृत सूचक भरी शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगावै नगरपालिकामा निवेदन दिनु पर्नेछ र शाखाले सो फारममा सत्यापन गरी मूल्याङ्कनसहित विद्यालय वर्गीकरण सिफारिस समितिमा पेश गर्नेछ।

(३) विद्यालय वर्गीकरणका लागि सिफारिस गर्न देहाय बमोजिमको एक विद्यालय वर्गीकरण सिफारिस समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) शाखा प्रमुख - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) नगर प्रमुखबाट तोकिएको वडाध्यक्ष दुई जना - सदस्य

(ङ) प्याब्सन र एन प्याब्सनका नगर समितिका अध्यक्ष वा निजले मनोनित गरेका एक/एक जना गरी जम्मा दुई जना - सदस्य

(च) अभिभावक संघको नगर समिति अध्यक्ष वा निजले तोकेको सदस्य वा त्यस्तो संघ नभएमा अभिभावकमध्येबाट समितिले मनोनित गरेको व्यक्ति - सदस्य

(छ) शिक्षा शाखा प्रमुखले तोकेको शिक्षा अधिकृत - सदस्य सचिव

(४) उपनियम (३) बमोजिमको समितिले विद्यालयले उपलब्ध गराएको सेवा सुविधा, विद्यालयले दाबी गरेको अङ्क र शाखाले गरेको सत्यापन पछिको अङ्क जाँचबुझ गरी विद्यालय वर्गीकरणका लागि शिक्षा समिति समक्ष सिफारिस गर्नेछ।

(५) उपनियम (४) बमोजिम विद्यालय वर्गीकरणका लागि भएको सिफारिसमा आवश्यक जाँचबुझ गरी शिक्षा समितिले विद्यालय वर्गीकरण गर्नेछ।

(६) उपनियम (५) बमोजिम गरिएको वर्गीकरणमा चित्त नबुझेमा विद्यालयले शिक्षा समिति समक्ष निवेदन दिन सक्नेछ। यसरी निवेदन परेमा शिक्षा समितिले सो विद्यालयको स्थलगत निरीक्षण गर्ने गराउनेछ र निरीक्षण गर्दा त्यस्तो विद्यालयलाई माथिल्लो श्रेणीको विद्यालयमा कायम गर्न मनासिब देखिएमा शिक्षा समितिले विद्यालयले निवेदन दिएको पैतिस दिनभित्र मागबमोजिम वा कायम हुन आएको श्रेणीको विद्यालयमा वर्गीकरण गर्न सक्नेछ।

(७) संस्थागत विद्यालयले आफ्नो विद्यालय उपल्लो श्रेणीमा जान चाहेमा हरेक शैक्षिक सत्र शुरु हुनुभन्दा दुईमहिना पहिले विद्यालय वर्गीकरणका लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ।

तर यो कार्यविधि लागू भएको मितिले तिन महिनाभित्र शाखाबाट नगरपालिकाको वेबसाइटमा कम्तीमा १५ दिनको अवधि दिई पहिलो पटक सबै संस्थागत विद्यालयका लागि विद्यालय वर्गीकरण गर्न सूचना जारी गरिनेछ। सबै संस्थागत विद्यालयले विद्यालय वर्गीकरणका लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ।

(८) “घ” श्रेणीमा कायम भएको विद्यालयले एक वर्ष भित्रमा स्तरोन्नति गरी कम्तीमा “ग” वर्गको लागि आवश्यक पूर्वाधार पूरा गर्नुपर्नेछ। यसरी स्तरोन्नति हुन नसकेका विद्यालयहरूलाई बन्दको प्रक्रियामा लैजान सकिनेछ।

(९) विद्यालयले अनुसुची-३ बमोजिम भरेको फारामको सत्यापन गर्नका लागि शिक्षाको समन्वयमा शिक्षा शाखाका कर्मचारी, वडा समितिका प्रतिनिधि र निजी विद्यालय संचालकहरूमध्येबाट १ जना गरी कम्तीमा ३ सदस्यीय अनुगमन समिति रहनेछ।

४. **विद्यालय शुल्क निर्धारण सिफारिस समिति** : (१) संस्थागत विद्यालयले लिन पाउने शुल्क निर्धारणका लागि शिक्षा समितिलाई सिफारिस गर्न र विद्यालयले निर्धारित शुल्क लागू गरे नगरेको सम्बन्धमा अनुगमन तथा सो बमोजिम शुल्क निर्धारण गर्न देहाय बमोजिमको एक विद्यालय शुल्क निर्धारण सिफारिस समिति रहनेछः

(क) शाखा प्रमुख - संयोजक

(ख) नगर प्रमुखबाट तोकिएको वडाध्यक्ष दुई जना- सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक वा संयोजकले तोकेको सदस्य - सदस्य

(घ) अभिभावक संघको नगर समिति अध्यक्ष वा सदस्य वा त्यस्तो संघ नभएमा अभिभावकहरू मध्येबाट शिक्षा समितिले मनोनित गरेको व्यक्ति - सदस्य

(ङ) निजी तथा आवासीय विद्यालय संगठन (प्याब्सन र एनप्याब्सन) का नगर समितिका अध्यक्ष वा निजले मनोनित गरेका एक/एक जना गरी जम्मा दुई जना - सदस्य

(च) नगर प्रमुखबाट तोकिएको शिक्षाविद् एकजना - सदस्य

(छ) विद्यालय शिक्षा हेर्ने शाखा अधिकृत - सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले शुल्क निर्धारणसम्बन्धी सिफारिस गर्ने बैठकमा आवश्यकताअनुसार विषय विज्ञ तथा सम्बन्धित सरोकारवालाहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिमको समितिको बैठकसम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५. **विद्यालयले लिन पाउने शुल्क तथा धरौटी रकमः** (१) संस्थागत विद्यालयले विद्यार्थीसँग देहायबमोजिमको शुल्क तथा धरौटी रकम लिन सक्नेछन्।

(क) मासिक पढाइ शुल्क,

(ख) कुल दुई महिनाको पढाई शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत संभार, पुस्तकालय र प्राथमिक उपचारवापतको बार्षिक शुल्क।

(ग) विद्यालयमा पहिलोपटक भर्ना हुने कक्षाको एक महिनाको मासिक पढाई शुल्कमा नबढ्ने गरी एक पटकको लागि भर्ना शुल्क।

(घ) विद्यालय छाड्दा फिर्ता गर्ने गरी पहिलोपटक भर्ना हुने कक्षाको एक महिनाको मासिक पढाई शुल्कमा नबढ्ने गरी लिइएको धरौटी रकम।

(ङ) वर्षभरिका परीक्षाहरूका लागि एक महिनाको मासिक पढाई शुल्कको ५० प्रतिशतमा नबढ्ने गरी लिइएको परीक्षा शुल्क तर नियमितभन्दा फरक बौद्धिक परीक्षा, सामान्य ज्ञान परीक्षा जस्ता परीक्षा सञ्चालन गर्नु परेमा शिक्षा शाखा एवम् अभिभावकको पूर्व सहमतीमा बढीमा मासिक पढाइ शुल्कको ७५ प्रतिशतसम्म शुल्क लिन सकिनेछ।

(च) वर्षभरिका शैक्षिक सामग्रीका लागि एक महिनाको मासिक पढाई शुल्कको २५ प्रतिशतमा नबढ्ने गरी लिइएको शैक्षिक सामग्री शुल्क।

(छ) स्थानान्तरण प्रमाण पत्र, ग्रेडसिट, चारित्रिक वा यस्तै अन्य प्रमाण पत्रका लागि सम्बन्धित कक्षाको एक महिनाको मासिक पढाई शुल्कको १० प्रतिशतमा नबढ्ने गरी लिइएको शुल्क ।

(ज) विविध शुल्क : विद्यालयले अभिभावकको सहमतिमा निर्धारण गरेको निम्नानुसारका विविध शुल्क लिन सक्नेछ।

(१) भोजन वा खाजा शुल्क

(२) परिवहन शुल्क

(३) कम्प्यूटर शुल्क

(४) विशेष प्रशिक्षण (जुडो, मार्सल आर्ट, पौडी, गायन, नृत्य लगायत अन्य) शुल्क,

(५) आवास शुल्क

(६) अन्य शुल्क

(२) विद्यालयले विविध शुल्क अन्तर्गतका शीर्षकमा त्यस्तो सुविधा उपयोग गर्ने विद्यार्थीसंग सो सुविधा उपयोग गरेको अवस्थामा मात्र लिन पाउनेछ ।

६. **शुल्कसम्बन्धी व्यवस्था** : (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र विशिष्टसहितको 'क' वा 'क', 'ख', 'ग' वा 'घ' श्रेणीको संस्थागत विद्यालयले लिन पाउने शुल्कको अधिकतम सीमा तोकी शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै सूचना प्रकाशन गर्नेछ ।

(२) विद्यालय व्यवस्थापन समितिले उपनियम (१) बमोजिम तोकिएको अधिकतम शुल्क सीमाभित्र रही आगामी शैक्षिक सत्रको लागि विद्यार्थीसंग लिने अन्य शुल्कको समेत प्रस्तावित दर प्रस्ताव गरी शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिना अगावै नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्तावित शुल्कको दर प्राप्त भएमा विद्यालय शुल्क निर्धारण सिफारिस समितिले सो शुल्क अनुसूची–२ को आधारमा प्रस्ताव भए नभएको सम्बन्धमा जाँचबुझ गरी त्यस्तो शुल्कको दर हेरफेर सहित स्वीकृतिका लागि शिक्षा समिति समक्ष पेश गर्नेछ।

(४) उपनियम (३) बमोजिम पेस भएको शुल्कलाई शिक्षा समितिले आवश्यक थपघटसहित स्वीकृत गर्नेछ। तर विद्यालयले पेश गरेको शुल्क प्रस्ताव नगरपालिकाले उपनियम (१) बमोजिम तोकेको सीमाभित्र रहेमा स्वतः स्वीकृत भएको मानिनेछ।

(५) विद्यालयले पेश गरेको शुल्क प्रस्ताव उपनियम (१) बमोजिम तोकेको सीमाभित्र नरहेमा उपनियम (४) बमोजिम स्वीकृत गरी सो शुल्कको दर शाखाले सार्वजनिक गरी विद्यालयमा समेत पठाउनेछ।

(६) उपनियम (४) बमोजिम स्वीकृत शुल्कको दरसँगै विद्यालयले शुल्क बुझाउने अवधि र प्रक्रियासम्बन्धी विवरण विद्यार्थी तथा अभिभावकलाई जानकारी दिई आफ्नो सूचना पाटीमा टाँस गर्नुपर्नेछ।

(७) विद्यालयले विद्यार्थीसंग जुन कामको लागि शुल्क लिएको हो सो रकम सोही काममा खर्च गर्नुपर्नेछ।

(८) विद्यालयले तोकेको समयमा विद्यालयमा शुल्क बुझाउनु अभिभावकको दायित्व हुनेछ । कुनै पनि विद्यार्थीको विद्यालयलाई बुझाउनु पर्ने शुल्क बाँकी रहेमा स्थानान्तरण प्रमाणपत्र दिन विद्यालय बाध्य हुनेछैन।

७. **बढी शुल्क लिन नपाउने** : (१) विद्यालयले यो कार्यविधि बमोजिम निर्धारण भएको शुल्क मात्र लिनुपर्नेछ।

(२) तोकिएभन्दा बढी शुल्क लिने विद्यालयलाई यस कार्यविधि बमोजिम कारवाही हुनेछ।

८. **बढी लिएको शुल्क फिर्ता गर्नुपर्ने** : कुनै विद्यालयले यस कार्यविधिमा तोकिएभन्दा बढी शुल्क लिएको पाइएमा त्यसरी बढी लिएको शुल्क नगरपालिकाले अभिभावकलाई फिर्ता गर्न लगाउनेछ र विद्यालयले सो शुल्कमा बढी भएको रकम फिर्ता गर्नुपर्ने छ।

९. **श्रेणीकृत नभएको विद्यालय सम्बन्धमाः** (१) यस कार्यविधि बमोजिम न्यूनतम पूर्वाधार पूरा नभएका र श्रेणीकृत नभएका विद्यालयले "घ" श्रेणीको विद्यालयले लिन पाउने शुल्क लिनुपर्नेछ।

(२) "घ" श्रेणीको विद्यालयले "घ" श्रेणीमा वर्गीकरण भएको एक वर्षभित्र न्यूनतम पूर्वाधार पूरा गर्नुपर्नेछ।

(३) यस कार्यविधिमा तोकिए बमोजिम छ महिनाभित्र न्यूनतम पूर्वाधार पूरा गर्न नसक्ने विद्यालयको सञ्चालन अनुमति शिक्षा समितिले जुनसुकै बेला रद्ध गर्न सक्नेछ।

तर यसरी रद्ध गर्नु पहिले सफाईको मौका दिइनेछ।

१०. **स्तरीकरण फाराम** : शाखाले अनुसूची १ र अनुसूची २ मोजिमका मुख्य आधारहरू समेटी सूचक र भारसहितको अनुसूची-३ बमोजिमको संस्थागत विद्यालय स्तरीकरण सूचकअनुसार विद्यालयको वर्गीकरण र शुल्क निर्धारणको आधार तयार गरिनेछ।

११. **विशेष अवस्थाः** (१) सूचकका आधारमा उपयुक्त भौतिक अवस्था नभएका र विद्यार्थी संख्या कम भएका विद्यालय कुनै विद्यालयमा समाहित हुन चाहेमा वा खारेजी हुन चाहेमा शिक्षा शाखामा निवेदन दिन सक्ने छन् र यसरी आएका निवेदनमा माथि आवश्यक अनुगमन गरी शिक्षा समितिको निर्णायानुसार खारेजी वा समाहित वा मर्ज हुने अवसर दिन सकिनेछ।

(२) यो कार्यविधि जारी हुँदाका बखत ३ शैक्षिक सत्रसम्म एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली नभर्ने विद्यालयलाई शिक्षा समितिको निर्णयका आधारमा स्वतः खारेजी भएको मानिनेछ। तर यसरी खारेजी हुनुपूर्व सफाइएको मौका दिइनेछ।

(३) कुनै पनि विद्यालय अनुमति नलिइ सञ्चालन भएको पाइएमा वा अनुमति लिएको भन्दा माथिल्लो कक्षा सञ्चालन गरेको पाइएमा यस्ता विद्यालयलाई शिक्षा समितिले बन्द गर्न सक्नेछ।

१२. **जरिवाना** : तोकिएभन्दा बढी शुल्क लिने विद्यालयलाई नगरपालिकाले शिक्षा समितिको सिफारिशमा लिएको बढी शुल्क फिर्ता गर्न लगाई दस हजारदेखि पचासहजार रुपैयाँसम्म जरिवाना गर्नेछ।

१३. **उजुरी** : (१) यस कार्यविधि बमोजिम विद्यालय वर्गीकरण एवम् शुल्क निर्धारण सम्बन्धमा चित्त नबुझेमा सरोकारवाला पक्षहरूले नगरपालिका समक्ष उजुरी गर्न सकिनेछ।

(१) उपनियम (१) बमोजिम परेको उजुरीको कारवाही र किनारा शिक्षा समितिले गर्नेछ।

१४. **कार्यविधिको व्याख्या**ः यस कार्यविधिको व्याख्या सम्बन्धमा कुनै द्विविधा भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ।

१५. **यस कार्यविधि बमोजिम हुने** : यस कार्यविधिमा लेखिएका कुराहरू यसै बमोजिम र यसमा नलेखिएका कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ।

## अनुसूची – १

## विद्यालय वर्गीकरणका मुख्य आधार

१. विशिष्टासहितको “क” श्रेणीको विद्यालयको लागि चाहिने सबै आधारहरू उच्च रूपले पुरा भएको (विशेष र रचनात्मक सुविधायुक्त विद्यालय अर्थात् “क” श्रेणीका विद्यालयको पूर्वाधारमा अति सुविधा सम्पन्न अवस्था थप भएको हुनु पर्ने)

२. “क” श्रेणीको विद्यालयको लागि चाहिने आधारहरू (अपेक्षित सुविधायुक्त विद्यालय अर्थात “ख” श्रेणीका विद्यालयको पूर्वाधारमा थप हुनु पर्ने)

(क) कम्तीमा २०० जनाको उपस्थितिमा कार्यक्रम गर्न सकिने सभाकक्ष,

(ख) सम्पर्क सेवा कक्ष - फोन, फ्याक्स, फोटोकपि, स्क्यान आदि,

(ग) अतिरिक्त क्रियाकलाप कक्ष,

(घ) क्याफ्टेरिया,

(ङ) एकपटकमा कम्तीमा ५० जना भन्दा बढी विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था

(च) नर्स वा स्वास्थ्यकर्मीसहितको प्राथमिक उपचार कक्षको व्यवस्था

(छ) बिशेष सुविधायुक्त विद्यालयको लागि निर्धारित सुविधा उपलब्ध गराएको हुनु पर्ने ।

३. “ख” श्रेणीको विद्यालयको लागि चाहिने आधारहरू (आधारभूत सुविधायुक्त विद्यालय अर्थात् “ग” श्रेणीका विद्यालयको पूर्वाधारमा थप हुनुपर्ने )

(क) प्रधानाध्यापक, शिक्षक, कर्मचारी र प्रशासनिक कर्मचारीका लागि छुट्टा छुट्टै कोठाको व्यवस्था,

(ख) शिक्षक स्टाफको लागि छुट्टै शौचालयको व्यवस्था,

(ग) कुनै दुई प्रकारका दैनिक पत्रिकाहरू सहितको एकपटकमा कम्तीमा ५० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था,

(घ) भलिबल खेल्न मिल्ने खेल मैदानको अतिरिक्त सम्पूर्ण विद्यार्थी एकैसाथ उभिन सक्ने कम्पाउण्डको व्यवस्था,

(ङ) छुट्टै विज्ञान प्रयोगशाला कोठाको व्यवस्था,

(च) विद्यालयमा कम्प्यूटर विषय राखेको भए छुट्टै कम्प्यूटर कक्षको व्यवस्था,

(छ) नर्स सहितको प्राथमिक उपचार कक्षको व्यवस्था र

४. "ग" श्रेणीको विद्यालय (अर्थात आधारभूत सुविधायुक्त विद्यालय) को लागि चाहिने पूर्वाधारहरू :

(क) कक्षाकोठाहरू पूर्व प्राथमिक र प्राथमिक तहको हकमा प्रतिविद्यार्थी ०.७५ वर्गमिटर, निम्नमाध्यमिक र माध्यमिक तहको हकमा १.०० वर्गमिटर,

(ख) हावाको राम्रो प्रवाह र यथेष्ट प्रकाश भएका कक्षाकोठाहरू,

(ग) विद्यार्थी संख्याको आधारमा सबैलाई पुग्ने डेस्क, बेन्च,

(घ) छात्रछात्रा र शिक्षकको लागि कम्तीमा ३ वटा छुट्टा छुट्टै शौचालय र प्रत्येक थप ५० जना विद्यार्थीका लागि एक कम्पार्टमेन्ट थप,

(ङ) यथेष्ट खाने पानीको व्यवस्था,

(च) पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ पुस्तक भएको पुस्तकालय,

(छ) प्रतिकक्षामा कालो पाटी / सेतो पाटी र अन्य आवश्यक शैक्षिक सामाग्री,

(ज) सबै विद्यार्थी एकैपटक उभिन सक्ने आँगन,

(झ) भलिबल खेल्न मिल्ने सम्मको खेल मैदान,

(ञ) कक्षा शिक्षक अनुपात १:१.४

(ट) पाठ्यक्रमअनुसारको विज्ञान सामाग्रीको व्यवस्था,

(ठ) प्राथमिक उपचारको सामाग्रीको व्यवस्था हुनु पर्ने र

(ड) यस कार्यविधिमा उल्लेख गरेअनुसारको छात्रवृति र सोहीअनुसारको शिक्षक तथा कर्मचारी संख्या।

५. "घ" श्रेणीका विद्यालय (अर्थात न्यून सुविधाका विद्यालय)ः यस श्रेणीमा आधारभूत सुविधा पुरा नभएका विद्यालय रहनेछन्।

६. संस्थागत विद्यालयहरूलाई खण्ड (१), (२), (३), (४) र (५) बमोजिम वर्गीकरण गर्नको लागि यस नियमावलीबमोजिमको समितिले आवश्यकताअनुसार नगरपालिकाद्वारा गठित सरोकारवालाहरू समेत सम्मिलित भएको समितिको परामर्श लिन सक्नेछ।

## अनुसूची – २

## विद्यालयको शुल्क निर्धारणका आधारहरू

(१) शैक्षिक योग्यता पुगेको र शिक्षक अध्यापन अनुमति पत्र लिएको व्यक्ति शिक्षक हुनुपर्ने ।

(२) शुल्क निर्धारण प्रयोजनको लागि यही अनुसूचीबमोजिम "ग" श्रेणीको संस्थागत विद्यालयलाई आधारभूत सुविधायुक्त विद्यालय मानिएको हुँदा उक्त श्रेणीको विद्यालयमा देहाय बमोजिमको शिक्षक तथा कर्मचारी राख्नु पर्नेछ ।

| क्र. सं. | शिक्षक र कर्मचारी | तहअनुसार शिक्षक तथा कर्मचारी संख्या | | | |
|---|---|---|---|---|---|
| | | नर्सरी देखि ५ सम्म | नर्सरी देखि ८ सम्म | नर्सरी देखि १० सम्म | नर्सरी देखि १२ सम्म |
| १. | प्र.अ. (कक्षा १२ वा सो सरह) स्नातक स्नातकोत्तर | १ | १ | १ | १ |
| २. | शिक्षक एस.एल.सी.<br>आई.ए.<br>स्नातक<br>स्नातकोत्तर | ३<br>६<br>–<br>- | ३<br>६<br>५<br>- | ३<br>६<br>४<br>४ | ३<br>६<br>५<br>६ |
| ३. | लेखापाल | १ (एस.इ.ई.) | १ (कक्षा १२) | १ (कक्षा १२) | १ (स्नातक) |
| ४. | आया र स्वीपर | २ | २ | २ | २ |
| ५. | स्टोर र लाईब्रेरियन | – | – | २ | २ |
| ६. | गार्ड र पियन | २ | २ | ३ | ४ |

(३) विद्यालयले उपखण्ड (२) बमोजिमका शिक्षक कर्मचारीको तलब नेपाल सरकारले स्वीकृत गरेबमोजिमको तलबभत्तामा नघटाई उपलब्ध गराउनुपर्नेछ र यसरी दिइने अन्य सुविधावापत तलब रकमको १८ प्रतिशत

सम्म छुट्याई यसरी हुन आउने जम्मा खर्चलाई विद्यालयको कुल खर्चको ६० प्रतिशत मानी बाँकी रहेको ४० प्रतिशतमध्ये कम्तीमा ८ प्रतिशत रकम छात्रवृति र १.५ प्रतिशत ग्रामिण शिक्षा विकास कोषमा लगानी गर्नुपर्नेछ र बाँकी हुन आउने रकम विद्यालयको आवश्यकताअनुसारका शीर्षकमा खर्च गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) खण्ड (२) र (३) को व्यवस्थालाई विचार गरी "ग" श्रेणीका आधारभूत सुविधायुक्त विद्यालयको शुल्क निर्धारण गर्नु पर्नेछ।

(५) खण्ड (४) बमोजिमको शुल्क दर आधारभूत सुविधायुक्त विद्यालयको लागि भएकाले सो सुविधा नपुगेका "घ" श्रेणीका न्यून सुविधाका विद्यालयले तुलनात्मक रुपमा कम खर्च गरे पुग्ने भएको हुँदा यस्ता विद्यालयलाई आधारभूत सुविधाका विद्यालयको भन्दा २५ प्रतिशतसम्म कम शुल्क हुने गरी शुल्क निर्धारण गर्नु पर्नेछ।

(६) आधारभूत भन्दा माथिको सुविधा दिईरहेका अपेक्षित सुविधायुक्त "ख" श्रेणीका र बिशेष सुविधायुक्त "क" श्रेणीका विद्यालयहरूले देहायबमोजिमका थप सुविधाका निम्ति खर्च जोडेर शुल्क हिसाब गर्न पाउनेछन्।

| क्र.सं. | विवरण | अपेक्षित सुविधा (प्रतिशत) | बिशेष सुविधा (प्रतिशत) |
|---|---|---|---|
| क | शिक्षक कर्मचारी तलब तथा सुविधा | १५ | २५ |
| ख | खेलकुद तथा अतिरिक्त क्रियाकलाप | ५ | १० |
| ग | शैक्षिक सामाग्री | ५ | १० |
| घ | भौतिक पूर्वाधार | १० | १५ |
| ङ | शैक्षिक उपलब्धि | १० | १० |
| च | छात्रवृत्ति | ५ | ७ |
| छ | संस्थागत विकास | १० | १० |
| | यी सबै सुविधा थप भएवापत शुल्क दरमा थप गरिने शुल्क | २५ | ५० |

थप सुविधायुक्त विद्यालयले उपलब्ध गराएको सुविधाअनुसार माथि उल्लिखित विभिन्न शीर्षकमा उल्लेख गरिएको मापदण्डअनुसारको कुल प्रतिशतलाई १०० प्रतिशत मानी अपेक्षित सुविधायुक्त विद्यालयमा २५ प्रतिशत र बिशेष सुविधायुक्त विद्यालयमा ५० प्रतिशतसम्म थप शुल्क लिन सकिनेछ।

(७) कुनै विद्यालयले लिई आएको शुल्क दर यस अनुसूचीअनुसार हुन आउने शुल्क दरभन्दा कम शुल्क वृद्धि गर्दा सोही अनुपातमा शुल्क वृद्धि हुन सक्नेछ।

(८) यस अनुसूची बमोजिम "क" श्रेणीमा परेका विशेष सुविधायुक्त विद्यालयले विद्यालयका कम्तीमा दुईतिहाई अभिभावकको निर्णयबाट निम्नबमोजिम कुनै एउटा प्रावधान पालना गर्ने गरी खण्ड (४), (५) र (६) मा उल्लेख गरेभन्दा माथिल्लो दरको शुल्क प्रस्ताव गरेमा शिक्षा समितिले माथिल्लो दरको शुल्क लागू गर्न स्वीकृति दिन सक्नेछ।

(क) गरिबीको रेखामुनी रहेका परिवारका विद्यार्थीलाई लक्षित गरी २५ प्रतिशत विद्यार्थीलाई विशेष छुट (धेरै सहुलियत) र मध्यम वर्गका विद्यार्थीलाई लक्षित गरी आंशिक छुट दिने,

(ख) विद्यालयका विद्यार्थीलाई पूर्ण शुल्कमा अध्यापन गराई उठेको शुल्क रकमको कम्तीमा १८ प्रतिशत रकम छुट्टै कोषमा राखी आफ्नै विद्यालयमा अध्ययनरत र नगरपालिका क्षेत्र भित्रका विभिन्न विद्यालयमा अध्ययन गर्ने न्यून आय भएका विद्यार्थीलाई छात्रवृत्ति दिने तथा त्यस्तो विद्यालयको गुणस्तर सुधारका लागि सहयोग प्रदान गर्ने।

**अनुसूची -३**

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**विद्यालय वर्गीकरण सूचक**

टोखा नगरपालिका विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०८२ को अनुसूची १ सँग सम्बन्धित

विद्यालयको नाम : ठेगाना : वडाः

स्थान : फोन नं

इमेलः सम्पर्क व्यक्तिः

विद्यालय अनुगमन सूचक पूर्णाङ्क २००

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| १ | कक्षाकोठाको उपयुक्तता | | | | |
| क) | ७५ प्रतिशत भन्दा माथि कक्षाकोठा उपयुक्त आकारको भएको | ३ | | | |
| ख) | ५० देखि ७५ प्रतिशत कक्षाकोठा उपयुक्त आकारको भएको | २ | | | |
| ग) | ५० प्रतिशत कक्षाकोठा उपयुक्त आकारको भएको | १ | | | |
| २ | कक्षाकोठाको अवस्था | | | | |
| क) | सबै पक्की तथा पूर्ण मर्मत गरिएको एवम् अपाङ्गमैत्री भएको | ३ | | | |
| ख) | कच्ची पक्की मिश्रित | २ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ग) | सबै कच्ची | १ | | | |
| ३ | कक्षाकोठामा हावा तथा प्रकाशको अवस्था | | | | |
| क) | दोहोरो हावा खेल्ने तथा आवश्यकता अनुरुप खोल्न र लगाउन मिल्ने झ्याल ढोका भएको साथै पर्याप्त प्रकाश भएको | ३ | | | |
| ख) | आवश्यकताअनुसार खोल्न र लगाउन मिल्ने झ्याल ढोका भएको साथै प्रकाश भएको | २ | | | |
| ग) | सामान्य झ्याल र भेन्टिलेसन भएको | १ | | | |
| ४ | डेस्क बेञ्चको पर्याप्तता | | | | |
| क) | आवश्यकता अनुरुप बसाइ मिलाउन सकिने र पर्याप्त भएको | ३ | | | |
| ख) | पर्याप्त र उपयुक्त आकारको | २.५ | | | |
| ग) | पर्याप्त मात्र भएको | २ | | | |
| ५ | शौचालयको उपलब्धता | | | | |
| क) | छात्र छात्रा (प्रत्येक ७० जना विद्यार्थीका लागि १) र शिक्षकको लागि कम्तीमा ३ वटा छुट्टा छुट्टै शौचालय र प्रत्येक थप ५० जना विद्यार्थीका लागि कम्पार्टमेण्ट थप | ३ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ख) | शिक्षक तथा छात्र छात्राका लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था | २.५ | | | |
| ग) | सामुहिक शौचालय | २ | | | |
| ६ | खानेपानीको व्यवस्था | | | | |
| क) | पर्याप्त एवम् शुद्ध खानेपानीको व्यवस्था भएको (फिल्टर र युरोगार्डको प्रयोग भएको ) | ३ | | | |
| ख) | विद्यार्थी संख्याको आधारमा पर्याप्त धाराको व्यवस्था गरिएको | २.५ | | | |
| ग) | विद्यालय भित्रै खानेपानीको व्यवस्था सामान्य रुपमा भएको | २ | | | |
| ७ | पुस्तकालय व्यवस्थापन | | | | |
| क) | पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकासहितको १ जना विद्यार्थी बराबर २ थान पाठ्यपुस्तक उपलब्ध र ३० जना विद्यार्थी बसी एकसाथ पढ्न मिल्ने | ३ | | | |
| ख) | १ विद्यार्थी बराबर एक पुस्तक र कम्तीमा २० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था भई प्रयोग समेत गरिएको | २.५ | | | |
| ग) | १ विद्यार्थी बराबर १ पुस्तकभन्दा कम पुस्तक भएको र कहिलेकाहीँ मात्र प्रयोग हुने गरेको | २ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ८ | प्राथमिक तहमा बुक कर्नरको व्यवस्था (कक्षा १ देखि ५) | | | | |
| क) | बुक कर्नर व्यवस्थित भई निरन्तर प्रयोग गरिएको | ३ | | | |
| ख) | बुककर्नर भई प्रयोग समेत भएको | २.५ | | | |
| ग) | बुक कर्नरको व्यवस्था भएको | २ | | | |
| ९ | कम्पाउण्डवालको व्यवस्था | | | | |
| क) | भलिबल खेल्न मिल्ने खेलमैदानका अतिरिक्त सम्पूर्ण विद्यार्थी एकै साथ उभिन सक्ने कम्पाउण्ड भएमा | ३ | | | |
| ख) | भलिबल खेल्न मिल्ने खेलमैदान तर आधा विद्यार्थी एकै साथ उभिन सक्ने कम्पाउण्ड भएमा | २.५ | | | |
| ग) | खेल मैदान भएको तर उपयुक्त नभएको | २ | | | |
| १० | छात्रावासको व्यवस्था | | | | |
| क) | आवश्यक सुविधासहितको छात्रवासको व्यवस्था र वार्डेन समेत रहने गरेको | ३ | | | |
| ख) | छात्रावासको व्यवस्था गर्नु नपरेको भए | २.५ | | | |
| ११ | विद्यालयको सरसफाइ | | | | |

| क्र. स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| क) | प्रत्येक कक्षा कोठामा डस्टविनको व्यवस्था गरी सरसफाइ गर्ने व्यवस्था गरेको | ३ | | | |
| ख) | विद्यालय परिसरका विभिन्न स्थानमा फोहोर फाल्ने स्थान बनाई सरसफाइ व्यवस्था मिलाइएको | २.५ | | | |
| ग) | विद्यालयको एक स्थानमा खाल्डो बनाई फोहोरको व्यवस्थापन गर्ने गरेको | २ | | | |
| १२ | प्रयोगशालाको व्यवस्था | | | | |
| क) | छुट्टै वहुविषयका प्रयोगात्मक क्रियाकलाप सञ्चालन गर्न मिल्ने प्रयोगशालाको व्यवस्था भई नियमित प्रयोगमा आउने | ३ | | | |
| ख) | छुट्टै विज्ञान प्रयोगशालाको व्यवस्था भई हप्तामा ३ दिन मात्र प्रयोगमा आउने | २.५ | | | |
| ग) | प्रयोगशालाको व्यवस्था भएको तर पर्याप्त साधन र नियमित प्रयोगमा नआउने | २ | | | |
| १३ | सभाकक्षको व्यवस्था र प्रयोग | | | | |
| क) | उपयुक्त व्यवस्थापनसहित सभाकक्षको नियमित प्रयोग हुने | ३ | | | |
| ख) | सभाकक्षको सामान्य प्रयोग हुने गरेको | २.५ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ग) | कक्षाकोठालाई हलको रुपमा प्रायोग गरेको | २ | | | |
| १४ | सेवा कक्षा (फोन, फ्याक्स, इमेल आदि) | | | | |
| क) | छुट्टै सेवा कक्षा भइ विद्यार्थीले समेत प्रयोग गर्न पाउने भए | ३ | | | |
| ख) | प्रशासनिक कक्षबाट सेवा प्रवाह हुने भए | २.५ | | | |
| ग) | बाह्य संस्थाबाट सेवा लिनुपर्ने अवस्था | २ | | | |
| १५ | विद्यालयको नाम वा भाडामा रहेको जग्गा | | | | |
| क) | १० रोपनी वा सो भन्दा बढी जग्गाको व्यवस्था भएको (प्रावि ५, निमावि ७ मावि र १० भन्दा वढी) | ३ | | | |
| ख) | ४ देखि ९ रोपनी वा सो बराबरको जग्गा व्यवस्था भएको ( प्रावि ३, निमावि ५ र मावि ९ भन्दा कम) | २.५ | | | |
| ग) | ३ देखि ४ रोपनी जग्गाको व्यवस्था भएको (प्रावि ३, निमावि र मावि ४) | २ | | | |
| १६ | विद्यालय परिसरको प्रयोग | | | | |

| क्र. स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| क) | फुलबारी वृक्षरोपण तथा करेसाबारीको शिक्षण सिकाइमा उपयोग भएको | ३ | | | |
| ख) | वृक्षरोपण फुलबारी तथा करेसाबारी समेत भएको | २.५ | | | |
| ग) | परिसरभित्र फुलबारीको व्यवस्था भएको र सानोठाउँ भएको अवस्थामा गमलाको व्यवस्था भएको । | २ | | | |
| १७ | सवारी साधनको व्यवस्था र प्रयोग | | | | |
| क) | विद्यालयको आफ्नै साधन भएको | ३ | | | |
| ख) | विद्यालयले भाडामा लिइ प्रयोग गर्ने गरेको भए | २.५ | | | |
| ग) | साधन नै नभएको भए | २ | | | |
| १८ | विद्यालयको नाममा रहेको जग्गाको उपयोग | | | | |
| क) | अधिकतम शैक्षिक विकासका लागि उपयोग गर्ने गरेको | २ | | | |
| ख) | विद्यालय परिसरको रुपमा मात्र उपयोग गर्ने गरेको । | १ | | | |
| १९ | विद्यालयको विकासका लागि योजनाबद्ध प्रयास | | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| क) | विद्यालय विकासको स्पष्ट दृष्टिकोणसहित निर्धारित ढाँचामा लिखित रुपमा नै आवाधिक योजना बनाई कार्ययोजनासहित कार्यान्वयन समेत गर्ने गरेको । | ३ | | | |
| ख) | विद्यालय विकासको दृष्टिकोण निर्धारण गरी विकासको आवद्यिक कार्ययोजना बनाई अगाडि वढेको । | २.५ | | | |
| ग) | प्राथमिकता क्रम निर्धारण गरी सुधारात्मक काम गर्ने गरेको । | २ | | | |
| २० | विद्यालय सञ्चालनका लागि समय योजना | | | | |
| क) | साप्ताहिक समयतालिकाको पूर्व प्रकाशनको साथै प्रयोग अनुगमन, अभिलेख समेत भएको | ३ | | | |
| ख) | साप्ताहिक समय तालिका तयार गरी एक हप्ता पूर्व विद्यार्थी, अभिभावकले देख्ने गरी प्रकाशनमा ल्याइएको | २.५ | | | |
| ग) | साप्ताहिक समय तालिका तयार पारिएको | २ | | | |
| २१ | शैक्षिक योजना निर्माण र प्रयोग | | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| क) | दैनिक पाठयोजना बनाई सोको अभिलेख राखी शैक्षिक सामग्री साथ पढाउने गरेको | ३ | | | |
| ख) | एकाइ योजना बनाई सो को अभिलेख राखी शिक्षण गर्ने गरेको | २.५ | | | |
| ग) | बार्षिक कार्ययोजना मात्र बनाई पढाउने गरेको | २ | | | |
| २२ | सूचना र सञ्चार सामग्रीको व्यवस्था | | | | |
| क) | उपयुक्त इमेल इन्टरनेटसहित वेवसाइट समेत व्यवस्था भएको | ३ | | | |
| ख) | गोरखापत्र, स्थानीय पत्रिका, साप्ताहिक पत्रिका, टेलिफोन व्यवस्था भएको | २.५ | | | |
| ग) | भित्तेपत्रिका, रेडियो, टेपरेकर्ड आदिको व्यवस्था गरी सूचना सञ्चार प्रणालीको प्रयोग | २ | | | |
| २३ | प्रदर्शनपाटीको व्यवस्था | | | | |
| क) | प्रदर्शनपाटीको व्यवस्था एवम् व्यवस्थित प्रर्दशन कक्षको व्यवस्था गरी विद्यालयसंग सम्बन्धित शैक्षिक गतिविधिहरूको साथै विद्यार्थीका लेख रचना लाई प्रस्तुत गर्ने गरिएको | ३ | | | |

| क्र. स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ख) | प्रदर्शनपाटीको व्यवस्था भएको साथै नियमित रुपमा प्रयोग भएको | २.५ | | | |
| ग) | प्रदर्शनीपाटीको व्यवस्था भएको | २ | | | |
| २४ | सह तथा अतिरिक्त क्रियाकलाप कक्ष तथा यसको प्रयोग | | | | |
| क) | खेलकुदका आवश्यक सामग्रीहरूको व्यवस्थासहित अतिरिक्त क्रियाकलाप नियमित तथा शिक्षण सिकाईको अभिन्न अङ्गका रुपमा सञ्चालन गरेको | ३ | | | |
| ख) | खेलकुदका अतिरिक्त अन्य सहक्रियाकलाप पनि सञ्चालन गर्ने गरेको | २.५ | | | |
| ग) | वार्षिक कार्यक्रमसहित खेलकुदको व्यवस्था गरेको | २ | | | |
| २५ | शिक्षण सिकाइ प्रक्रिया | | | | |
| क) | शिक्षण प्रक्रियामा Multimedia /OHP/laptop जस्ता आधुनिक उपकरणको प्रयोग गरी शिक्षण गर्न गरेको | ३ | | | |
| ख) | शिक्षण बाहेकका अन्यवस्थामा Multimedia /OHP को प्रयोग गरी शिक्षण गर्ने गरेको | २.५ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ग) | Multimedia बाहेक अन्य विधिको प्रयोग गरी शिक्षण गर्ने गरेको | २ | | | |
| २६ | कक्षाकोठाको आकर्षण | | | | |
| क) | कक्षाकोठाको आकर्षण हुनुको साथै शिक्षक तथा विद्यार्थीद्वारा निर्मित शैक्षिक सामग्रीहरू व्यवस्थित रुपमा सजाइएको र तिनको शिक्षण सिकाइमा समेत प्रयोग गरिएको | ३ | | | |
| ख) | कक्षाकोठा रङ्गरोगन गर्नुका अतिरिक्त विद्यार्थीद्वारा निर्मित सामग्रीहरू समेत प्रदर्शन गरिएको | २.५ | | | |
| ग) | कक्षाकोठा रङ्गरोगन गरी आकर्षक बनाइएको | २ | | | |
| २७ | बालमैत्री वातावरण तथा दण्डरहित शिक्षाको व्यवस्था | | | | |
| क) | विद्यालयले बालमैत्री तथा दण्डरहित शिक्षाको व्यवस्थाका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गरेका | ३ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ख) | विद्यालयले बालमैत्री तथा दण्डरहित शिक्षा लागि शिक्षकलाई जानकारी गराई प्रयोग समेत गर्ने गरेको | २.५ | | | |
| ग) | विद्यालयले बालमैत्री तथा दण्डरहित शिक्षा लागि शिक्षकलाई जानकारी मात्र गरेको | २ | | | |
| २८ | लैंगिक समतासूचक | | | | |
| क) | विद्यार्थी संख्यामा लैङ्गिक समता सूचक १ भएको | ३ | | | |
| ख) | विद्यार्थी संख्यामा लैङ्गिक समतासूचक ०. ९५ भन्दा माथि भएको | २.५ | | | |
| ग) | विद्यार्थी संख्यामा लैंगिक समतासूचक ०. ९५ भन्दा कम भएको | २ | | | |
| २९ | अतिरिक्त क्रियाकलापको व्यवस्था | | | | |
| क) | विद्यालयमा बालक्लबहरू निर्माण गरी अतिरिक्त क्रियाकलापको कार्यतालिकासहित सञ्चालन गर्ने गरेको | ३ | | | |
| ख) | विद्यालयममा विभिन्न सदनहरू बनाई कार्ययोजना बनाई सञ्चालन गर्ने गरेको | २.५ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ग) | शुक्रबारमा मात्र कार्यक्रम सञ्चालन गर्ने गरेको | २ | | | |
| ३० | शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोग | | | | |
| क) | स्थानीय वातावरणमा पाइने मूल्य नपर्ने तथा कम मूल्य पर्ने वस्तुको निर्माण तथा प्रयोग समेत गर्ने गरेको | ३ | | | |
| ख) | स्थानीय वातावरणमा पाइने कम मूल्य पर्ने सामग्री निर्माण एवं व्यवस्था गरिएको तथा यसको प्रयोग हुने गरेको | २.५ | | | |
| ग) | बजारबाट खरिद गरी निर्माण तथा व्यवस्था गरी प्रयोग गर्ने गरेको | २ | | | |
| ३१ | लैङ्गिक विभेद रहित शिक्षा तथा समाहित शिक्षा | | | | |
| क) | सामाहित शिक्षाको प्राप्ति भएको | ३ | | | |
| ख) | समाहित शिक्षाको थालनी गरी सकारात्मक विभेदको व्यवस्था | २ | | | |
| | छात्र छात्रा बीच शैक्षिक अवसरमा विभेद नरहेको | १ | | | |
| ३२ | कम्प्युटर शिक्षाको व्यवस्था | | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| क) | कम्तीमा २० वटा कम्प्युटर भई कम्प्युटर ल्याबमा नै कम्प्युटर कक्षा सञ्चालन गरिएको | ३ | | | |
| ख) | कम्तीमा १० वटा कम्प्युटर भई कम्प्युटर ल्याबमा नै कम्प्युटर कक्षा सञ्चालन गरिएको | २ | | | |
| ग) | सैद्धान्तिक र प्रयोगात्मक कक्षाहरू फरक फरक कोठामा अध्यापन गर्ने गरेको | १ | | | |
| ३३ | अध्ययन भ्रमण र फिल्ड ट्रिप | | | | |
| क) | विषयवस्तुको प्रकृतिअनुसार सिकाइलाई नियमित रूपमा अध्ययन भ्रमण वा फिल्ड ट्रिप अन्तरसम्बन्धित गर्ने गरेको | ३ | | | |
| ख) | कहिलेकाहीँ शिक्षक तथा विद्यार्थीको माग अनुरुप अध्ययन भ्रमण वा फिल्ड ट्रिप लाने गरेको | २.५ | | | |
| ३४ | छात्रवृत्तिका लागि विद्यार्थी छनोट प्रक्रिया | | | | |
| क) | छात्रवृत्ति  छनोट प्रक्रियामा स्थानीय आवश्यकतानुसारको उपयुक्त आधारहरू तयार गरी पारदर्शी रुपमा छनोट गरिएको | ३ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ख) | छात्रवृत्ति वितरणका आधारहरू सार्वजनिक गरी छात्रवृत्तिका लागि विद्यार्थी छनोट गरिएको | २.५ | | | |
| ग) | तोकिएको मापदण्ड अनुसार विद्यार्थी छनोट गरिएको | २ | | | |
| ३५ | छात्रवृत्ति वितरणको प्रभाव | | | | |
| क) | वितरित छात्रवृत्तिको प्रभाव समिक्षा समेत गरिएको | २ | | | |
| ख) | नियमित तोकिएको अतिरिक्त विद्यालयको आफ्नै स्रोतबाट समेत छात्रवृत्तिहरूको व्यवस्था गरी तोकिएको समयमा वितरण हुने गरेको | १ | | | |
| ३६ | विद्यालयले सञ्चालित नवप्रर्वतनात्मक क्रियाकलाप | | | | |
| क) | विद्यार्थी सिकाइलाई अन्तर सम्बन्धित गराई अध्ययन अनुसन्धान गर्दै शिक्षण प्रक्रियामा नया प्रवर्तनात्मक कार्य सचालन गरेको | २ | | | |
| ख) | सिकाइ प्रक्रियामा नयाँपन ल्याउने प्रयास गरेको | १ | | | |
| ३७ | विद्यार्थी पृष्ठपोषण | | | | |

| क्र. स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| क) | विद्यार्थीका कमिकमजोरी केलाई पृष्ठपोषणका लागि परामर्श दिने विशेष व्यवस्था गरेको | ३ | | | |
| ख) | नतिजाको साथसाथै विद्यार्थीका कमि कमजोरी बताई दिने गरेको | २.५ | | | |
| ग) | नतिजा मात्र दिने गरेको | २ | | | |
| ३८ | प्राथमिक उपचारको व्यवस्था | | | | |
| क) | ख का अतिरिक्त महिनामा एक पटक सबै विद्यार्थीको सामान्य स्वस्थ्य परीक्षण गराउने व्यवस्था गरिएको | ३ | | | |
| ख) | छुट्टै कोठा र आवश्यक सामग्री स्वास्थ्यकर्मी सहितको व्यवस्था भई सञ्चालन गर्ने गरिएको | २.५ | | | |
| ग) | सामान्य उपचार सामग्रीको व्यवस्था भएको र सञ्चालनमा रहेको | २ | | | |
| ३९ | कार्य विभाजन र अधिकार प्रत्यायोजन | | | | |
| क) | लिखित रुपमा कार्य विभाजन र अधिकार प्रत्यायोजन गरी कार्यान्वयन गरेको | १ | | | |
| ख) | मौखिक रुपमा कार्य विभाजन र अधिकार प्रत्यायोजन मात्र गरेको | ०.५ | | | |

| क्र. स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ४० | शिक्षण तथा व्यवस्थापन कार्यमा प्रधानाध्यापकको सहभागिता | | | | |
| क) | आधुनिक व्यवस्थापकको भूमिका निर्वाह गर्दै आवश्यकताअनुसार अध्यापन कार्य गर्ने गरेको | २ | | | |
| ख) | व्यवस्थापनका अतिरिक्त आफ्नो विषयको समेत अध्यापन गरेको | १.५ | | | |
| ग) | व्यवस्थापन कार्यमा मात्र संलग्न हुने गरेको | १ | | | |
| ४१ | शैक्षिक व्यवस्थापन सूचना प्रणालीको व्यवस्थापन | | | | |
| क) | विद्यालयका सम्पूर्ण शैक्षिक सूचनालाई व्यवस्थित गरी माग गर्ने निकायलाई तोकिएको समयमा दिने गरेको | २ | | | |
| ख) | सूचना व्यवस्थापन गरी माग गर्ने निकायलाई विलम्ब पठाउने गरेको | १ | | | |
| ४२ | वि.व्य.स. र शिक्षक अभिभावक संघको गठन, बैठक र कार्यविधि | | | | |
| क) | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भएको भए | २ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ख) | विद्यालय व्यवस्थापन समिति मात्र गठन भएको भए | १ | | | |
| ४३ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठक नियमितता | | | | |
| क) | प्रत्येक दुई महिनामा बस्ने गरेको र विद्यालयको सुधारका कार्यक्रमको निर्णय गरी अनुगमन समेत गर्ने गरेको | ३ | | | |
| ख) | २ महिना देखि ४ महिनाको बीचमा १ पटक बस्ने गरेको भए | २.५ | | | |
| ग) | सोभन्दा बढी अवधिमा बस्ने गरेको भए | २ | | | |
| ४४ | विद्यालयमा अभिभावकको संलग्नता | | | | |
| क) | स्वतस्फूर्त रुपमा विद्यालयको विकास अतिरिक्त शिक्षण सिकाइ क्रियाकलापमा समेत संलग्न हुने गरेको | ३ | | | |
| ख) | आमन्त्रण नगरी पनि विद्यालयमा आई विद्यालयको क्रियाकलापमा संलग्न हुने गरेको | २.५ | | | |
| ग) | आमन्त्रण गरेपछि अभिभावक आउने गरेको | १ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ४५ | विद्यालयको सामाजिक परीक्षण | | | | |
| क) | अभिभावक भेलामा प्रस्तुत गर्ने गरेको भए | ३ | | | |
| ख) | सूचना पाटीमा मात्र टाँस्ने गरेको भए | २ | | | |
| ग) | अभिभावकलाई लिखित रुपमा उपलब्ध गराउने गरेको भए | १ | | | |
| ४६ | मासिक शुल्क बाहेक उठाइने अन्य शुल्कहरू तोकिएको शीर्षकमा खर्च सम्बन्धी व्यवस्था | | | | |
| क) | सम्पूर्ण रकम तोकिए कै शीर्षकमा खर्च हुने गरेको | ३ | | | |
| ख) | ७० देखि ८०% तोकिएकै शीर्षकमा खर्च हुने गरेको | २.५ | | | |
| ग) | सोभन्दा कम मात्र तोकिएको शीर्षकमा खर्च हुने गरेका | २ | | | |
| ४७ | विद्यालयको आम्दानी खर्चको पारदर्शिता | | | | |
| क) | विद्यालयको वार्षिक अनुमानित बजेट तथा कार्यक्रम तयार गरी विव्यसबाट अनुमोदन गर्ने गरेको | ३ | | | |

| क्र. स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ख) | विद्यालयको वार्षिक अनुमानित बजेट तथा कार्यक्रम तयार गरी विव्यसबाट अनुमोदन नगरेको | १ | | | |
| ४८ | विद्यालयको आम्दानी खर्चको विवरण | | | | |
| क) | नियमित लेखापरीक्षण गरी प्रतिवेदन शिक्षा शाखामा समेत पेश गर्ने गरेको | ३ | | | |
| ख) | नियमित लेखापरीक्षण मात्र गर्ने गरेको | २.५ | | | |
| ४९ | विद्यार्थी प्रवाहको व्यवस्था | | | | |
| क) | ९०% वा सोभन्दा बढी विद्यार्थी सोही विद्यालयमा रहेर अध्ययन गर्ने गरेको | २ | | | |
| ख) | ८०% देखि ८९% विद्यार्थी सोही विद्यालयमा रहेर अध्ययन गर्ने गरेको | १.५ | | | |
| ग) | ८०% भन्दा कम विद्यार्थी सोही विद्यालयमा रहेर अध्ययन गर्ने गरेको | १ | | | |
| ५० | विपन्न तथा सुविधाविहीन विद्यार्थीका लागि विशेष कार्यक्रम | | | | |
| क) | विद्यालयमा यस्ता बालबालिकाको शैक्षिक अवसरका लागि विशेष कार्यक्रम संचालन गरेको | २ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ख) | यस्ता आवश्यकता भएका बालबालिका भर्ना गर्नमा प्राथमिकता दिने गरेको | १ | | | |
| ग) | आर्थिक स्तरको आधारमा मात्र भर्ना गरेको | ०.५ | | | |
| ५१ | विद्यालयका प्रकाशनहरू | | | | |
| क) | चौमासिक रुपमा प्रकाशन गरी विद्यार्थीहरूका लेखहरूलाई उचित प्राथामिकता दिने गरेको भए | ३ | | | |
| ख) | अर्धवार्षिक रुपमा प्रकाशन गरी विद्यार्थीका लेखलाई उचित प्रथामिकता दिने गरेको भए | २ | | | |
| ग) | वार्षिक रुपमा प्रकाशन गरी विद्यार्थीका लेखलाई उचित प्रथामिकता दिने गरेको भए | १ | | | |
| ५२ | संस्कृतिको संरक्षण | | | | |
| क) | विद्यालयले आफ्नै प्रयासमा विद्यार्थीबाट संस्कृति झल्कने सामाग्री निर्माण गरी साँस्कृतिक क्रियाकलाप गर्ने गरेको | २ | | | |
| ख) | बजारबाट खरिद गरी प्रर्दशनीमा राखेको भए | १.५ | | | |
| ५३ | शैक्षिक उपलब्धि वृद्धिदर विगत ३ वर्षको अवस्था (तहगत रुपमा मात्र) | | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| क) | शैक्षिक वृद्धि हुने दर उच्चतम रहेको | ३ | | | |
| ख) | शैक्षिक वृद्धि हुने दर २-५% सम्म रहेको | २.५ | | | |
| ग) | शैक्षिक अघिल्लो वर्षको भन्दा सामान्य वृद्धि हुँदै गएको | २ | | | |
| ५४ | परीक्षा सञ्चालन प्रक्रिया | | | | |
| क) | प्रश्नपत्र निर्माण गर्दा सम्बन्धित विषयका विशषज्ञबाट निर्माण गराई विशिष्टीकरण तालिका अनुसार परीक्षणको लागि उत्तर कुञ्जिका बनाई सोही अनुसार अङ्कन गरी सम्परीक्षण समेत गरी परीक्षाफलको विश्लेषण गरी यसको उपयोग समेत गर्ने गरेको | ३ | | | |
| ख) | कक्षा शिक्षकबाट प्रश्नपत्र निर्माण गरी उपयुक्त किसिमले परीक्षा सञ्चालन गरी नतिजा विश्लेषण गर्ने गरेको | २.५ | | | |
| ग) | सामान्य प्रक्रियाबाट परीक्षा सञ्चालन हुने गरेको | २ | | | |
| ५५ | विशिष्ट उपलब्धि | | | | |

| क्र. स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| क) | राष्ट्रियस्तरमा खेलकुद, सांस्कृतिक र शैक्षिक पक्षमा विशिष्टता हासिल गरेको | २ | | | |
| ख) | प्रदेश तथा जिल्ला स्तरमा खेलकुद, सांस्कृतिक र शैक्षिक पक्षमा विशिष्टता हासिल गरेको | १ | | | |
| ग) | स्थानीय स्तरमा खेलकुद, सांस्कृतिक र शैक्षिक पक्षमा विशिष्टता हासिल गरेको | ०.५ | | | |
| ५६ | शैक्षिक उपलब्धि स्तर | | | | |
| क) | तहगत औषत शैक्षिक उपलब्धि स्तर ६० प्रतिशत र सोभन्दा माथि भएमा | ३.५ | | | |
| ख) | तहगत औषत शैक्षिक उपलब्धि स्तर ४५ देखि ५९.९ प्रतिशत सम्म भएमा | २.५ | | | |
| ग) | तहगत औषत शैक्षिक उपलब्धि स्तर ४५ प्रतिशतभन्दा कम भएमा | २ | | | |
| ५७ | सिकाइ उपलब्धिको अवस्था तथा प्रस्तुतीकरण | | | | |
| | सिकाइ उपलब्धि चार्टको प्रस्तुति | | | | |
| क) | कक्षागत तहगत, विषयगत चार्ट प्रस्तुत गरिएको | ३ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ख) | कक्षागत, तहगत चार्ट प्रदर्शन गरिएको | २.५ | | | |
| ग) | कक्षागत चार्ट प्रस्तुत गरिएको | २ | | | |
| ५८ | तहगत परीक्षामा प्रथम तथा विशिष्ट श्रेणीमा उत्तीर्ण हुने विद्यार्थीको संख्या | | | | |
| क) | कुल परीक्षा दिने विद्यार्थी मध्ये ६० प्रतिशतभन्दा बढी विद्यार्थीले CGPA ३.२ वा सोभन्दा माथि प्राप्त गरेको भए | ३ | | | |
| ख) | कुल परीक्षा दिने विद्यार्थी मध्ये ६० प्रतिशतभन्दा बढी विद्यार्थीले CGPA २.८ वा सोभन्दा माथि प्राप्त गरेको भए | २.५ | | | |
| ग) | कुल परीक्षा दिने विद्यार्थी मध्ये ६० प्रतिशतभन्दा बढी विद्यार्थीले CGPA २.४ वा सोभन्दा माथि प्राप्त गरेको भए | २ | | | |
| घ) | कुल परीक्षा दिने विद्यार्थी मध्ये ६० प्रतिशतभन्दा बढी विद्यार्थीले CGPA २.० वा सोभन्दा माथि प्राप्त गरेको भए | १ | | | |
| ५९ | विद्याार्थीको तहगत उत्तीर्ण प्रतिशत | | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| क) | ९० % भन्दा माथि भएको | ३ | | | |
| ख) | ७५-८९ कमको वीचमा रहेका | २.५ | | | |
| ग) | ७५% भन्दा कम रहेको | २ | | | |
| ६० | शिक्षक नियुक्ति एवम् अभिलेख व्यवस्थापन | | | | |
| क) | नियमानुसारको संख्या तालिम प्राप्त एवम् विषयगत शिक्षकको नियुक्ति गरी अभिलेख दुरुस्त राखिएको | ३ | | | |
| ख) | विषयगत शिक्षक नियुक्त गरी अभिलेख राखिएको | २ | | | |
| ग) | शिक्षकको नियुक्ति मौखिक वा समभ्कदारीमा राख्ने गरिएको | १ | | | |
| ६१ | शिक्षकको तलब तथा अन्य सुविधा | | | | |
| क) | नियमावलीले तोकेको स्केलसहित अन्य सुविधा दिइएको र तलबभत्ता बैङ्क खातामार्फत भुक्तानी गरिएको | ३ | | | |
| ख) | विद्यालय व्यवस्थापन समितिले निर्णय गरी तोकेको स्केल उपलब्ध गराइएको र बैङ्क खातामार्फत भुक्तानी गरिएको | २.५ | | | |
| ग) | नियमावलीले तोकेको स्केल समेत उपलब्ध नगराइएको | १ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ६२ | कक्षा : शिक्षक अनुपात | | | | |
| क) | १:१.४ | २.५ | | | |
| ख) | १:१.२ | २ | | | |
| ग) | सोभन्दा कम | १.५ | | | |
| ६३ | बढुवा | | | | |
| क) | नियमानुसार बढुवा गरी जिम्मेवारी प्रदान गर्ने गरेको | १.५ | | | |
| ख) | कहिलेकाहीँ सेवा सुविधा तथा जिम्मेवारीमा वृद्धि गर्ने गरेको | १ | | | |
| ६४ | विद्यालय शिक्षक नियुक्तिमा समावेशीकरण | | | | |
| क) | विज्ञापन गर्दा वर्ग विशेषलाई प्राथमिकता दिने भनी दरखास्त आह्वान गरी यी समूहका उम्मेदवारहरूलाई थप अंक दिने कार्यान्वयनसमेत गर्ने गरेको | १.५ | | | |
| ग) | मौखिक रुपमा प्राथमिकता दिने गरेको | ०.५ | | | |
| ६५ | शिक्षक बैठक सम्बन्धी व्यवस्था | | | | |
| क) | शिक्षक बैठक नियमित रुपमा महिना को २ पटक र आवश्यकताअनुसार थप बैठक समेत बसी शैक्षिक मुद्धामा गरिएका निर्णयहरूको प्रभावकारी कार्यान्वयन तथा अनुगमन हुने गरेको | ३ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ख) | शिक्षक बैठक महिनाको २ पटक वसी शैक्षिक मुद्धामा छलफल हुने गरेको | २.५ | | | |
| ग) | शिक्षक बैठक महिनाको १ पटक हुने गरेको | २ | | | |
| ६६ | कार्यरत शिक्षकहरूको लागि छोटा अवधिका पुनर्ताजगी  तालिमको व्यवस्था | | | | |
| क) | कार्यरत सम्पूर्ण शिक्षकहरूलाई प्रत्येक शैक्षिक सत्रमा कम्तीमा एक पटक तालिम दिने गरेको भए | ३ | | | |
| ख) | कार्यरत सम्पूर्ण शिक्षकमध्ये प्रत्येक शैक्षिक सत्रमा कम्तीमा दुई तिहाई एक पटक दिने गरेको भए | २.५ | | | |
| ग) | सोभन्दा कम शिक्षकलाई  दिने गरेको भए | २ | | | |
| ६७ | शिक्षक तालिम | | | | |
| क) | ९०% भन्दा बढी न्यूनतम योग्यतासहित तालिम समेत प्राप्त गरेको | ३ | | | |

| क्र. स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ख) | ७५-८९ % सम्म शिक्षकहरू न्यूनतम योग्यतासहित तालिम समेत प्राप्त गरेको । | २.५ | | | |
| ग) | ५०-७४% सम्म शिक्षक न्यूनतम योग्यता सहित तालिम समेत प्राप्त गरेको । | २ | | | |
| घ) | ५०% भन्दा कम शिक्षकहरू न्यूनतम योग्यता सहित तालिम समेत प्राप्त गरेको । | १ | | | |
| ६८ | महिला शिक्षक अनुपात | | | | |
| क) | महिला शिक्षाको अनुपात कुल शिक्षकको ५०% र सो भन्दा भन्दा बढी भए | ३ | | | |
| ख) | महिला शिक्षाको अनुपात कुल शिक्षकको ३० देखि ५० सम्म भए | २.५ | | | |
| ग) | महिला शिक्षाको अनुपात कुल शिक्षकको ३०% भन्दा कम भए। | २ | | | |
| ६९ | कक्षा दोहऱ्याउने दर | | | | |
| क) | ५% भन्दा कम कक्षा दोहऱ्याउने दर रहेको | ३ | | | |
| ख) | १०% सम्म  कक्षा दोहऱ्याउने दर रहेको | २.५ | | | |

| क्र.स. | सूचकहरू<br>विषय क्षेत्र | अङ्क | विद्यालयले स्वमूल्याङ्कन प्राप्त अङ्क | विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण समितिबाट गरिने मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|
| ग) | १०% भन्दा बढी कक्षा दोहऱ्याउने दर रहेको | २ | | | |
| ७० | विद्यालय छाड्ने दर (Dropout Rate) | | | | |
| क) | ५% भन्दा कम विद्यालय छाड्ने दर रहेको | ३ | | | |
| ख) | १०% सम्म विद्यालय छाड्ने दर रहेको | २.५ | | | |
| ग) | १०% भन्दा बढी विद्यालय छाड्ने दर रहेको | २ | | | |
| ७१ | विविध विषय | | | | |
| क) | सूचना अधिकारी तोकिएका | १ | | | |
| ख) | विद्यालय सेफ गार्ड | १ | | | |
| ग) | उजुरी पेटिका भएको र गुनासो संबोधन भएको | १ | | | |
| ७२ | समितिबाट दिइएको अङ्क | २ | | | |
| | | २०० | | | |

प्रधानाध्यापकको नामः

हस्ताक्षर

अनुगमन समितिका सदस्यहरू

१.

२.

३

| विद्यालयको छाप | | कार्यालयको छाप |
|---|---|---|

प्राप्ताङ्क ९०% देखि माथि - विशिष्टतासहित  क श्रेणी

प्राप्ताङ्क ८०% देखि माथि - क श्रेणी

प्राप्ताङ्क ६० % देखि  ७९.९% सम्म - ख श्रेणी

प्राप्ताङ्क ४० देखि  ५९.९% सम्म - ग श्रेणी

प्राप्ताङ्क ४०% भन्दा कम - घ श्रेणी

**द्रष्टव्य**ः क श्रेणी प्राप्त भई विशेष उल्लेख्य सुविधा भएका र सेवा दिएका विद्यालयलाई विशिष्ट श्रेणीमा राखिने छ।

## अनुसूची -४

**(दफा ३ को उपदफा (९) सँग सम्बन्धित)**

**वर्गीकरण प्रमाणपत्र**

**विद्यालय वर्गीकरण प्रमाणपत्र**

नगर शिक्षा समितिको मिति २०८२।०। गतेको निर्णयानुसार टोखा नगरपालिका संस्थागत विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०८२ को दफा ३ को उपदफा (१) बमोजिम विद्यालयको वर्गीकरण गरी यो प्रमाणपत्र जारी गरिएको छ।

| क्र.सं. | विद्यालयको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | कायम भएको वर्ग |
|---|---|---|---|---|
| १ | | | | |

संवत्      साल ........ गते                                   .........................

(                )                                                  (        )

प्रमुख शिक्षा अधिकृत

प्रमाणीकरण मिति : २०८२/०६/३१

**आज्ञाले,**

**कमल भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**